# आकाशवाणी समाचार- नेपाली

मितिः २० जुन २०२५

समयः ०७.२५ - ०७: ३५ बजे (*अवधिः १० मिनट*)

**<u>प्रमुख समाचार</u>**

१. राष्ट्रपति द्रौपदी मुर्मु तीन दिने भ्रमणमा हिजो देहरादून पुग्नु भएको छ। उहाँले आज विभिन्न परियोजनाहरूको उद्घाटन र शिलान्यास गर्नु हुनेछ।

२. प्रधानमन्त्री नरेन्द्र मोदी आज बिहारको भ्रमणमा हुनुहुन्छ। उहाँले विभिन्न विकास परियोजनाहरूको सुरुवात र शिलान्यास गर्नुहुनेछ।

३. केन्द्रीय गृहमन्त्री अमित शाहले आज बेङ्गलुरुमा आदिचुंचनगिरी विश्वविद्यालयको नयाँ भवनको उद्घाटन गर्नु हुनेछ।

४. केन्द्रीय रेलवे अनि सूचना तथा प्रसारण मन्त्री अश्विनी वैष्णवले हिजो सेन्ट पिटर्सबर्गमा रूसी उप प्रधानमन्त्री एलेक्सी ओभरचुकसित विभिन्न विषयमा बैठक गर्नु भएको छ।

५. भारत र इङ्ग्ल्याण्डबीचको तेन्दुलकर-एन्डरसन ट्रफीको पाँच म्याचको शृङ्खलाको पहिलो टेस्ट आजदेखि शुरु हुँदैछ।

**<u>राष्ट्रपति-उत्तराखण्ड भ्रमण</u>**

राष्ट्रपति द्रौपदी मुर्मु तीन दिने भ्रमणमा हिजो देहरादून आइपुग्नुभयो। उहाँलाई उत्तराखण्डका राज्यपाल लेफ्टिनेन्ट जनरल गुरमित सिंह र मुख्यमन्त्री पुष्कर सिंह धामी लगायत अन्य विशिष्ट व्यक्तिहरूले जोली ग्रान्ट विमानस्थलमा स्वागत गरे। राष्ट्रपति द्रौपदी मुर्मुले आज राष्ट्रपति निकेतनमा विभिन्न परियोजनाहरूको उद्घाटन र शिलान्यास गर्नु हुनेछ। उहाँले राष्ट्रपति पार्कको शिलान्यास पनि गर्नु हुनेछ। २४ जुनदेखि राष्ट्रपति निकेतन र राष्ट्रपति तपोवन सर्वसाधारणका लागि खुला गरिँदैछ। राष्ट्रपतिको भ्रमणलाई ध्यानमा राख्दै देहरादूनमा कडा सुरक्षा व्यवस्था मिलाइएको छ।

**<u>प्रधानमन्त्री-बिहार भ्रमण</u>**

प्रधानमन्त्री नरेन्द्र मोदी आज बिहारको भ्रमणमा हुनुहुन्छ। उहाँले सिवान जिल्लाको पञ्चरुखी ब्लकको जसौलीमा एक जनसभालाई सम्बोधन गर्नुहुनेछ। श्री मोदीले जसौलीबाट भिडियो कन्फरेन्समार्फत शहरी विकास, अवजल उपचार, प्रधानमन्त्री आवास योजना र रेलवेसँग सम्बन्धित विभिन्न विकास परियोजनाहरूको सुरुवात र शिलान्यास गर्नुहुनेछ। यी परियोजनाहरूको लागत पाँच हजार नौ सय करोडभन्दा बढी छ।

**बाइट**

प्रधानमन्त्रीले सारण जिल्लाको मधौरा प्लान्टमा निर्मित अत्याधुनिक रेल इन्जिनको पनि उद्घाटन गर्नुहुनेछ। यो यस कारखानामा निर्मित पहिलो निर्यात रेल इन्जिन हो। यसले पश्चिम अफ्रिकी देश गिनीमा निर्यात गर्न सक्षम बनाउनेछ।

प्रधानमन्त्री मोदीले गंगा नदीको संरक्षण र पुनर्जीवन गर्ने प्रतिबद्धता अनुरूप नमामि गंगे परियोजना अन्तर्गत छ वटा ढल प्रशोधन प्लान्टहरूको उद्घाटन गर्नुहुनेछ। यी एक हजार आठ सय करोड रुपियाँभन्दा बढी लागतका छन्। उहाँले बिहारका विभिन्न शहरहरूको लागि तीन हजार करोड रुपियाँको लागतमा पानी आपूर्ति, सरसफाइ र ढल प्रशोधन प्लान्ट परियोजनाहरूको शिलान्यास पनि गर्नु हुनेछ। यसले जनतालाई सफा र सुरक्षित पानी प्रदान गर्नेछ। श्री मोदीले प्रति घण्टा ५०० मेगावाट क्षमताको

ब्याट्री ऊर्जा भण्डारण प्रणालीको शिलान्यास गर्नु हुनेछ। यो प्रणाली मुजफ्फरपुर, मोतिहारी, बेतिया र सिवान सहित राज्यका १५ ग्रिड सब-स्टेशनहरूमा स्थापना गरिनेछ। श्री मोदीले प्रधानमन्त्री आवास योजना-शहरीका ५३ हजार छ सय भन्दा बढी लाभार्थीहरूलाई योजनाको पहिलो किस्ता पनि जारी गर्नु हुनेछ। यस योजना अन्तर्गत सम्पन्न भएका छ हजार छ सयभन्दा बढी घरहरूको गृहप्रवेश समारोहको एक भागको रूपमा प्रधानमन्त्रीले केही लाभार्थीहरूलाई घरको चाबी पनि हस्तान्तरण गर्नुहुनेछ।

**अमित शाह-बेङ्गलुरु**

केन्द्रीय गृहमन्त्री अमित शाहले आज बेङ्गलुरुमा आदिचुंचनगिरी विश्वविद्यालयको नयाँ भवनको उद्घाटन गर्नु हुनेछ। श्री शाहले सामाजिक सञ्जाल पोस्टमा विश्वविद्यालयको बेङ्गलुरु क्याम्पसको उद्घाटन समारोहमा उपस्थित हुने बताउनु भएको छ। केन्द्रीय मन्त्रीहरू एच.डी. कुमारस्वामी र वी. सोमन्ना र राज्यका उच्च शिक्षा मन्त्री डा. शरणप्रकाश पाटिल र विपक्षी दलका नेता आर. अशोक पनि यस अवसरमा उपस्थित हुनेछन्। विश्वविद्यालयका उपकुलपति र आदिचुंचनगिरी मठका वरिष्ठ धर्मगुरु डा. निर्मलानन्दनाथ स्वामी, जगतगुरु स्वामी परमात्मानंद र मदारा चेन्नया स्वामी यस अवसरमा उपस्थित हुनेछन्। नयाँ विश्वविद्यालय क्याम्पसमा मेडिकल कलेज र अस्पताल, नर्सिङ, फिजियोथेरापी र स्वास्थ्य विज्ञानसँग सम्बन्धित संस्थाहरू छन्।

**अश्विनी वैष्णव रूस**

केन्द्रीय रेलवे, सूचना तथा प्रसारण तथा इलेक्ट्रोनिक्स तथा सूचना प्रविधि मन्त्री अश्विनी वैष्णवले हिजो सेन्ट पिटर्सबर्गमा रूसी उप प्रधानमन्त्री एलेक्सी ओभरचुकलाई भेटनु भएको छ। बैठक मुख्यतया यातायात, कनेक्टिभिटी, पूर्वाधार र दुर्लभ धातु जस्ता क्षेत्रमा सहयोग बढाउनमा केन्द्रित थियो। श्री वैष्णवले सामाजिक सञ्जाल पोस्टमा बैठक सकारात्मक र फलदायी भएको बताउनु भएको छ। सेन्ट पिटर्सबर्गस्थित भारतीय महावाणिज्य दूतावासको सामाजिक सञ्जाल पोस्टका अनुसार, श्री वैष्णव अन्तर्राष्ट्रिय आर्थिक मञ्चमा भाग लिन रूसको सेन्ट पिटर्सबर्गमा छन्। १८ जुनमा सुरु भएको अन्तर्राष्ट्रिय मञ्चको बैठक भोलिसम्म जारी रहनेछ।

**जुआल ओराम**

केन्द्रीय आदिवासी मामिला मन्त्री जुआल ओरामले आदिवासी समुदायको विकासका लागि सरकारले लगभग २.५ लाख करोड रुपियाँ खर्च गरिरहेको बताउनु भएको छ। आकाशवाणी समाचारसँगको पोडकास्टमा उहाँले विभिन्न मन्त्रालयहरूले यो रकम जनजातिको विकासमा खर्च गरिरहेको बताउनु भयो।

**आयुष राज्यमन्त्री**

आयुष राज्यमन्त्री प्रतापराव जाधवले आकाशवाणी समाचारसँगको विशेष अन्तर्वार्तामा योग केवल एक दिनको कार्यक्रम मात्र नभई जीवनशैली भएको बताउनु भएको छ। उहाँले मानिसहरूलाई आफ्नो जीवनमा योगलाई समावेश गर्न र परिवारका सदस्यहरूलाई पनि यसतर्फ प्रेरित गर्न आग्रह गर्नु भएको छ।

**सेवा विभाग-बैठक**

वित्तीय सेवा विभागका सचिव एम. नागराजुले हिजो सबै राज्य र केन्द्र शासित प्रदेशका मुख्य सचिवहरू र बैंकर समितिका संयोजकहरूसँग भिडियो कन्फरेन्सिङमा बैठक गर्नुभयो। बैठकको क्रममा उहाँले १ जुलाई देखि ३० सेप्टेम्बर २०२५ सम्म सबै ग्राम पञ्चायतहरूमा वित्तीय समावेशीकरणको तीन महिने संतृप्ति अभियानलाई सफल बनाउन सक्रिय सहभागिता र समर्थनको लागि आग्रह गर्नुभयो।

**सिक्किम-कैलाश मानसरोवर यात्रा**

कैलाश मानसरोवर यात्रा आज सिक्किमबाट सुरु हुँदैछ। राज्यपाल ओमप्रकाश माथुरले बिहान ८:४५ बजे नाथुलाबाट ३६ तीर्थयात्रीहरूको समूहलाई झण्डा देखाउनु हुनेछ। पर्यटन तथा नागरिक उड्डयनका अतिरिक्त मुख्य सचिव सी.एस.रावले

राज्यपालले तीर्थयात्रीहरूसँग पनि अन्तरक्रिया गर्ने बताउनु भएको छ। उहाँले भन्नु भयो, सहज यात्रा सुनिश्चित गर्न विभिन्न विभागहरू मिलेर काम गरिरहेका छन्।

**बाइट**

**गैलेक्सआई- द्वितीय उपग्रह**

बैंगलोरमा आधारित अन्तरिक्ष स्टार्ट-अप कम्पनी गैलेक्सआईले भनेको छ कि यसले छोटो अवधिमा पृथ्वीको स्पष्ट फोटोहरू प्रदान गर्न शून्य दशमलव पाँच मिटर रिजोल्युसन क्षमता भएको आफ्नो दोस्रो उपग्रह निर्माण गरिरहेको छ। स्वदेशी रूपमा विकसित दोस्रो पुस्ताको दृष्टि उपग्रहले रक्षा, सुरक्षा र राष्ट्रिय खुफिया क्षेत्रहरूमा व्यापक र विस्तृत जानकारी प्रदान गर्न सिङ्क फ्युजन सिंथेटिक एपर्चर राडार-अप्टिकल इमेजिङ प्रयोग गर्दछ।गैलेक्सआईले यस वर्षको अन्त्यमा एक दशमलव दुई पाँच मिटर रिजोल्युसनको साथ आफ्नो पहिलो उपग्रह मिशन दृष्टि प्रक्षेपण गर्ने योजना बनाएको छ। दोस्रो उपग्रह २०२६ को अन्त्यतिर वा २०२७ को सुरुतिर प्रक्षेपण गरिने छ। कम्पनी हाल उपग्रह मिशनको अवधारणा चरणमा छ र प्रारम्भिक डिजाइनमा काम गरिरहेको छ।

**इरान-नेतान्याहु**

गत सात दिनदेखि जारी इरान र इजरायलबीचको युद्ध तीव्र भएको छ। इजरायलले हिजो तेहरानमा रहेको इरानको आन्तरिक सुरक्षा मुख्यालयलाई निशाना बनाएको छ भने इरानले दक्षिणी इजरायलको एक अस्पतालमा मिसाइल आक्रमण गरेको छ। दुवै देशले एकअर्काको महत्वपूर्ण प्रतिष्ठानलाई निशाना बनाएका छन्। यो हालैको इतिहासमा दुई देशबीचको प्रत्यक्ष सैन्य टकरावको सबैभन्दा घातक चरण हो।हिजो, इजरायली सेनाले तेहरान र कारज र पायम विमानस्थलमा सरकारी प्रतिष्ठानहरूमा मिसाइल आक्रमण गरेको थियो। दक्षिणी इजरायलको बेरशेबामा रहेको सारोका अस्पतालमा इरानको आक्रमणपछि यी आक्रमणहरू गरिएको थियो। यो अस्पताल इजरायली सैनिकहरूको उपचारको लागि मुख्य स्थान हो। अस्पतालमा ठूलो क्षति भएको छ, तर इरानी आक्रमणको डरले यसका अधिकांश भागहरू पहिले नै खाली गरिएकाले ज्यान र सम्पत्तिको क्षति सीमित थियो।इरानका सर्वोच्च नेता अयातुल्लाह अली खामेनीले अमेरिकालाई चेतावनी दिएका छन् कि यदि यो युद्धमा सामेल भयो भने यसको गम्भीर परिणाम हुनेछ। युरोपेली देशहरूले इरानको परमाणु कार्यक्रम रोक्न जोड दिएका छन् र तनाव कम गर्न दुवै देशलाई कूटनीतिक माध्यम अपनाउन आग्रह गरेका छन्। इरानको परमाणु कार्यक्रममा नयाँ वार्ता सुरु गर्ने माग बढ्दै गएको छ। यसैबीच, युरोपेली संघले इरान र इजरायलबाट आफ्ना नागरिकहरूलाई सुरक्षित रूपमा बाहिर निकाल्ने प्रयास तीव्र पारेको छ।

**ह्वाइट हाउस-इरान-इजरायल युद्ध**

अमेरिकी राष्ट्रपतिको कार्यालय ह्वाइट हाउसले भनेको छ कि राष्ट्रपति डोनाल्ड ट्रम्पले इरान विरुद्ध सैन्य कारबाही सुरु गर्नेबारे दुई हप्ताभित्र निर्णय गर्नेछन्। यसले कूटनीतिक समाधान अझै पनि सम्भव छ भन्ने संकेत गर्छ। ह्वाइट हाउसका प्रेस सचिव कैरोलिन लेविटले पत्रकार सम्मेलनमा इरान र इजरायल बीचको संघर्षमा अमेरिकाको प्रत्यक्ष संलग्नताको अनुमानको जवाफमा राष्ट्रपति ट्रम्पबाट सिधै सन्देश आएको बताउनु भएको छ। प्रेस सचिवले राष्ट्रपति ट्रम्पको वक्तव्य पढेर सुनाइन् जसमा उहाँले भन्नु भयो, म निकट भविष्यमा इरानसँग वार्ताको पर्याप्त सम्भावना छ कि छैन भन्ने तथ्यको आधारमा अर्को दुई हप्तामा निर्णय गर्नेछु।सुश्री लेभिटले भन्नु भयो, अमेरिका र इरान बीच पत्राचार भइरहेको छ र दुवै पक्ष वार्तामा संलग्न छन्। यद्यपि, प्रेस सचिवले वार्ता प्रत्यक्ष रूपमा भइरहेको छ वा मध्यस्थकर्ताहरूमार्फत भइरहेको छ भन्ने कुरा भन्न अस्वीकार गर्नु भएको छ। पश्चिम एसिया संघर्षमा चीनको संलग्नताको सम्भावनाको बारेमा, सुश्री लेभिटले भन्नु भयो, ट्रम्प प्रशासनसँग यो विश्वास गर्ने कुनै कारण छैन।

**भारत-इङ्ल्यान्ड टेस्ट**

क्रिकेटमा भारत र इङ्ग्ल्याण्डबीचको तेन्दुलकर-एन्डरसन ट्रफीको पाँच म्याचको शृङ्खलाको पहिलो टेस्ट आज हेडिंगली, लीड्समा सुरु हुनेछ। यो म्याच भारतीय समय अनुसार दिउँसो ३:३० बजे सुरु हुनेछ। रोहित शर्मा र विराट कोहली

जस्ता वरिष्ठ ब्याट्सम्यानहरूको अनुपस्थितिमा, सबैको नजर सेतो जर्सीमा नयाँ भारतीय कप्तान शुभमन गिलमा हुनेछ।